# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५०।१।३ को निर्णयानुसार श्री जीतबहादुर कार्कीलाई नेपाल न्याय सेवाको रा.प. प्रथम श्रेणी (सह-सचिवस्तर) बाट नेपाल प्रशासन सेवाको समान श्रेणीमा सेवा परिवर्तन गरी निजको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखी पूर्ववत मन्त्रिपरिषद् सचिवालय (प्रधानमन्त्रीको कार्यालय) मा का. मु. सचिव पदमा काम लगाउने निर्णय गरेको छ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री ठाकुरनाथ पन्त फिलिपिन्सको मनिलामा एशियाली विकास बैंकको २६ सौं वार्षिक बैठकमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ सापकोटालाई मिति २०५०।१।२० देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

राष्ट्रिय योजना आयोगको सचिवालयका का.मु. सचिव श्री रविन्द्रकुमार शाक्य संयुक्त राष्ट्रसंघ जनसंख्या कोषले संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय न्यूयोर्कमा आयोजना गर्ने जनसंख्या र विकास विषयक अन्तर्राष्ट्रिय सम्मेलन तयारी समितिको बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सह-सचिव श्री खेमराज नेपाललाई मिति २०५०।१।२५ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५५